भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ८ मितिः २०७७/०४/०१

भाग-१

भूमे गाउँपालिका

# भूमे गाउँपालिकाको आन्तरिक ऋण उठाउने विधेयक-२०७७

गाउँसभामा प्रस्तुत मितिः २०७७।०३।१९

गाउँसभाबाट स्वीकृत मितिः २०७७।०३।३०

**भूमे गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को निमित्त वित्तीय व्यवस्था सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न भूमे गाउँपालिकाले आन्तरिक ऋण उठाउन वाञ्छनीय भएकाले आन्तरिक ऋण उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

<u>प्रस्तावना</u>: भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को निमित्त वित्तीय व्यवस्था सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न भूमे गाउँपालिकाले आन्तरिक ऋण उठाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा बमोजिम (२)भूमे गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भूमे गाउँपालिकाको आन्तरिक ऋण उठाउने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन सम्बत २०७७ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आन्तरिक ऋण उठाउने अधिकारः** (१) आर्थिक वर्ष २०७७/०७८ को निमित्त वित्तीय व्यवस्थापन सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न भूमे गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्म रु. ५०,००,०००।– (पचास लाख मात्र) मा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ ।

तर यसरी उठाइने आन्तरिक ऋण रकममा स्थानीय तहको पूर्वाधार निर्माणमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको विशिष्टिकृत संस्थाले गर्ने लगानीको हकमा यो सीमा लागू हुने छैन ।

(२) आन्तरिक ऋण लिँदा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश बमोजिम भूमे गाउँपालिकालाई संघीय सरकार र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने राजस्व बाँडफाँड र गाउँपालिकाको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउनु पर्नेछ ।

(३) आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील, रोजगारमूलक तथा आन्तरिक आय बढाउने क्षेत्रमा गर्नुपर्नेछ ।

(४) ऋण लगानी गरी सञ्चालन हुने परियोजनाबाट प्राप्त हुने लाभ वा आम्दानीबाट सो परियोजनामा लगानी गरिएको ऋणको साँवा र ब्याज भुक्तानी गर्ने सुनिश्चित भएका परियोजनामा मात्र ऋण परिचालन गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम उठाइएको ऋण नेपालको संविधान, संघीय कानून र अन्य प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**

**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः...　　　　संख्याः...　　　　मितिः ..../../..

**भाग-२**

**भूमे गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत